# बाँफिकोट गांउपालिका फोहोरमैला व्यवस्थापन नियमावली २०७४

बाँफिकोट गाउँकार्यपालिकाबाट स्वीकृति मिति :२०७५/३/१८

गाँउसभा पारित मिति : २०७५/०३/२९

प्रमाणिकरण मिति : २०७५/०३/३०

स्थानीय राजपत्रमा प्रकाशित मिति :२०७५/०३/३०

बाँफिकोट गाँउपालिका

## बाँफिकोट गाउँपालिका

## २०७४

बाँफिकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :१ संख्या : ५ मिति : २०७५/०३/३०

**भाग–२**

**बाँफिकोट गाउँपालिका**

**<u>बाँफिकोट गाउँकार्यपालिकाको सुचना</u>**

बाँफिकोट गाउँकार्यपालिकाले बाँफिकोट गांउपालिका फोहोरमैला व्यवस्थापन नियमावली २०७४ पारित गरेकोले सर्वसाधारणको जाकारीकोलागि यो सूचना प्रकाशन गरिएको छ ।

## बाँफिकोट गाउँपालिका फोहोरमैला व्यवस्थापन नियमावली २०७४

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि बाँफिकोट गाँउपालिकाले देहाएका नियमहरु बनाएको छ ।

**<u>१ संक्षिप्त नाम र प्रारम्भ :</u>**(१) यी नियमहरुको नाम बाँफिकोट गाँउपालिका फोहरमैला व्यवस्थापन नियमावलि २०७४ रहेको छ ।

बाँफिकोट गाउँपालिका

(२) यो नियमावली तुरुन्त प्रारमभ हुनेछ ।

**२ परिभाषा :**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा ,

(क) "उत्पादन स्रोत भन्नाले" फोहरमैला निस्कने उब्जने वा फोहरमैला निस्कन शुरु हुने ठाउँ सम्झनु पर्छ ।

(ख) "ऐन भन्नाले" स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्छ ।

(ग) "जैविक "भन्नाले छिट्टै कुहिने वा सड्ने गल्ने पदार्थ समझनु पर्छ र सो सब्दले जैविक चिजवस्तु प्रयोग गरि बनाइएका कागज काठ समेतलाई जनाउनेछ ।

(घ) " अजैविक " भन्नाले छिट्टै सडीगली नजाने वा छिट्टै नकुहिने पदार्थ सम्भनु पर्छ ।

**३ फोहरमैला पृथकीकरण तथा व्यवस्थापन :** (१) बाँफिकोट गाउँपालिकाले ऐनको दफा ६ बमोजिम कम्तिमा जैविक र अजैविक लगएतका फोहरमैलालाई स्रोतमै छुट्याउने गरि तोक्दा हानिकारक वा रसायनिक फोहरमैलालाई छट्टाछुट्टै पृथकीकरण तथा व्यवस्थापन गर्ने गरी तोक्नु पर्ने छ । यसरी तोकिएकोमा फोहोरमैला उत्पादन गर्ने व्यक्ति,संस्था वा निकायले सोहिबमोजिम पृथकीकरण गर्नुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम पृथकीकरण गरीयको रासायनिक वा हानिकारक फोहरमैला व्यवस्थापन गर्ने दायित्व सम्वन्धित उत्पादकको हुने छ ।

(३) बाँफिकोट गाउँपालिकाले उपनियम (१) बमोजिम फोहरमैला स्रोतमै छुट्याउने फोहरमैलाको उत्पादन स्रोतमै कम गर्ने र व्यवस्थापनको उपयुक्त प्रविधि अवलम्वन गर्ने सम्वन्धमा जनचेतनामुलक कार्यक्रम सन्चालन गर्ने छ ।

**४ फोहरमैलाको निष्काशन :** (१) बाँफिकोट गाउँपालिकाले फोहरमैला निष्काशनको समय , स्थान र तरिका निर्धारण गर्दा फोहरमैला ढुवानि , प्रशोधन र अन्तिम विसर्जनको लागि सजिलो हुने गरि निर्धारण गर्नु पर्ने छ ।

(२) बाँफिकोट गाउँपालिकाले प्रशोधन स्थलमा लैजानुपर्ने फोहरमैलाका लागि छुट्टै समय , स्थान र तरिका समेत निर्धारण गर्न सक्नेछ ।

(३) बाँफिकोट गाउँपालिकाले उपनियम (१)र (२) बमोजिम फोहरमैला निष्काशन तथा सो को व्यवस्थापनका लागि समय, स्थान र तरिका निर्धारण गर्दा जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभाव र त्यस्को न्यूनिकरणका उपाहरुलाइ समेत ध्यान दिनु पर्नेछ ।

**५ हानिकारक वा रासायनिक फोहरमैला निष्काशन तथा व्यवस्थापन :** (१) हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला अन्य अन्य फोहरमैला संग मिलाई निष्काशन गर्न हुंदैछ ।

(२) हानिकारक, रासायनिक , जैविक वा अजैविक फोहरमैला प्रशोधन गरी सामान्य फोहरमैला सरह भएपछि मात्र त्यस्को अन्तिम निष्काशनको व्यवस्था गर्नु पर्नेछ ।

बाँफिकोट गाउँपालिका

(३) हानिकारक, रासायनिक , जैविक वा अजैविक फोहरमैला व्यवस्थापन गर्ने दायित्व भएका व्यक्ति , संस्था वा निकायले त्यस्तो फोहरमैला उत्पादन प्रशोधन निष्काशन तथा व्यवस्थापन गर्न बाँफिकोट गाउँपालिका बाट स्वीकृत लिनुपर्नेछ । यसरी स्वीकृत लिएपछि फोहोमैला व्यवस्थापन गर्दा अपनाइने तरिका , मापदण्ड, विधि, प्रविधि र व्यवस्थापन स्थलको सम्वन्धमा बाँफिकोट गाउँपालिकालाइ जानकारि गराइ सो को अभिलेख राख्नु पर्ने छ ।

(४) बाँपिकोट गाउँपालिकाले उपनियम (३) बमोजिमको स्वीकृति दिंदा स्वीकृतिको लागि पेश गरिएको बिधी र प्रविधि नेपाल सरकारले तोकेको मापदण्ड अनुकुल भए नभएको एकिन गरि स्वीकृत दिनुपर्नेछ ।

(५) बाँफिकोट गाउँपालिकाले उपनियम (३) बमोजिम स्वीकृति लिने व्यक्ति, संस्था वा निकायले हानिकारक , रासायनिक , जैविक , वा अजैविक फोहरमैला व्यवस्थापन गर्न लिएको स्वीकृति बमोजिमो तरिका ,मापदण्ड, विधि , प्रविधि र व्यवस्थापन स्थल अनुसार  व्यवस्थापन गरे नगरेको अनुगमन गर्नेछ ।

(६) प्रशोधन पश्चातको हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला बाँफिकोट गाउँपालिका मार्फत व्यवस्थापन गर्नुपर्ने भएमा फोहरमैला व्यवस्थापनको दायित्व व्यक्ति, संस्था वा निकायले स्थानीय निकायलाइ अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध भै आएमा बाँफिकोट गाउँपालिकाले सेवा शुल्क लिइ उक्त फोहरमैला व्यवस्थापन गर्न सक्नेछ ।

(७)  हानिकारक, रासायनिक , जैविक वा अजैविक फोहरमैलाको संकलन, भण्डारण तथा स्थानान्तरण गर्दा सुरक्षित विधि अवलम्वन गर्नुपर्नेछ ।

(८) हानिकारक, रासायनिक , जैविक वा अजैविक फोहरमैला प्रशोधन गर्दा त्यस्तो फोहरमा रहेको हानिकारक तत्व नष्ट गरी गर्नुपर्ने छ र सामान्य फोहरमैला सरह भएपछि मात्र त्यस्को अन्तिम निष्काशन तथा विसर्जनको व्यवस्था गर्नुपर्नेछ ।

(९) हानिकारक, रासायनिक , जैविक वा अजैविक फोहरमैला उत्पादन गर्ने व्यक्ति ,संस्था वा निकायले त्यस्तो फोहरमैला व्यवस्थापन सम्वनधमा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड र प्रचलित वातावरणिय कानुनको पुर्णरुपमा पालना गर्नु पर्नेछ ।

**६ स्वास्थ्यसंस्थाजन्य फोहरमैलाको निष्काशन तथा व्यवस्थापन :** (१) स्वास्थ्य संस्थाले आफुले उत्पादन तथा निष्काशन गरेको स्वास्थ्य संस्थाजन्य फोहरमैलालाई स्रोतमै पृथकिकरण गरि प्रशोधन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) स्वास्थ्य संस्थाजन्य फोहरमैलाको नीर्मलिकरण, प्रशोधन र व्यवस्थापन गर्दा अपनाइने विधि , प्रविधि र  व्यवस्थापन स्थलको सम्वन्धमा बाँफिकोट गाउँपालिका वाट स्वीकृति लिनु पर्ने छ । स्थानिय निकायले यसरी स्वीकृत दिंदा स्वीकृतिको लागि पेश गरीयको विधि , प्रविधि र व्यवस्थापन स्थल नेपाल सरकारले तोकेको मापदण्ड अनुकुल भए नभएको एकिन गरी स्वकृति दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजि स्वकृति प्राप्त स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थाजन्य फोहरमैलाको प्रशोधन, निर्मलिकरण एवं व्यवस्थापन सम्वन्धि कार्य आपैले गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्रशोधन, निर्मलिकरण एवं व्यवस्थापन सम्वन्धि कार्य आफैले गर्न सक्ने भएमा स्वास्थ्य संस्थाले प्रशोधन, निर्मलिकरण तथा व्यवस्थापन गर्नको लागि बाँफिकोट गाउँपालिका लाइ अनुरोध गर्न सक्नेछ । यसरी अनुरोध गरेमा सो को प्रशोधान, निमृलिकरण एवं व्यवस्थापन बाँफिकोट गाउँपालिकाले आफैले वा आफ्नो समन्वयमा गर्न सक्नेछ ।

(५) स्वास्थ्य संस्थाबाट उत्पादन तथा निष्काशन हुने सामान्य प्रकृतिका फोहरमैला तथा स्वास्थ्य संस्थाजन्य हानिकारक फोहरमैलालइ प्रशोधान तथा निर्मलिकरण गरे पश्चात उक्त फोहरमैला समेतलाई बाँफिकोट गाउँपालिकाले सम्वन्धित स्वास्थ्य संस्था संग सेवा शुल्क लिइ विसर्जन गर्ने व्यवस्था मिलाउन सक्ने छ ।

(६) स्वास्थ्य संस्थाजन्य संक्रमित फोहर पुर्णरुपमा निर्मलिकरण भए नभएको सम्वन्धमा मान्यता प्राप्त प्रयोगशालाबाट जाँच गराइ प्रमाणित गराउनु पर्नेछ ।

(७) स्वास्थ्य संस्थाजन्य हानिकारक फोहरमैला उतपादन गर्ने स्वास्थ्य संस्थाले त्यस्तो फोहरमैला व्यवस्थापन सम्वन्धमा प्रचलित वातावरणीय कानुन र मापदण्डको पुर्णरुपमा पालना गर्नु पर्नेछ ।

(८) उपनियम (३) बमोजिम स्वीकृति लिई स्वास्थ्य संस्थाजन्य फोहरमैला व्यवस्थापन गर्ने स्वास्थ्य संस्थाले स्वीकृत विधि, प्रविधि र स्थलको प्रयोग गरि व्यवस्थापन गरे नगरेको अनुगमन स्थानिय निकायले गर्नेछ ।

**७ फोहरमैला ढुवानि सम्वन्धमा :** बाँफिकोट गाउँपालिकाले फोहरमैला ढुवानि गर्दा देहाय बमोजिमका व्यवस्था भएका ढुवानि साधन प्रयोग गर्ने गरी व्यवस्था गर्नु पर्नेछ ।

(क) फोहर नदेखिने , नझर्ने तथा झोल पदार्थ नचुहिने ,

(ख) फोहरमैलावाट गन्ध र चिलेट बाहिर ननिस्कने ,

(ग) फोहरमैला सजिलै संग राख्न र निकाल्न सकिने ,

(घ) सडकको क्षमता तथा अबस्था अनुकुलको हुने,

**८ फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन :**(१) बाँफिकोट गाउँपालिकाले फोहरमैला व्यवस्थापन स्थानको सञ्चतलन गर्दा देहायका कुराहरु अवलम्वन गर्ने गरी गर्नु पर्नेछ ।

(क) फोहमैला व्यवस्थापन स्थलको सञ्चालन गर्दा निस्कने चिलेट ,ग्यांस र दुर्गन्ध लगाएतका कारणबाट त्यस क्षेत्रको वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव न्युनिकरणका उपायहरु,

(ख) फोहरमैला व्यवस्थापन स्थलको भौगोलिक अवस्थामा आउन सक्ने परिवर्तन र त्यस्को व्यवस्थापनका उपायहरु,

बाँफिकोट गाउँपालिका

(ग) फोहरमैला व्यवस्थापन स्थल वरपरको जनजिबनमा पर्न सक्ने आर्थिक, सामाजिक, भौतिक तथा जैविक प्रभाब र त्यस्को व्यवस्थापनका उपायहरु,

(घ) फोहरमैला व्यवस्थापन स्थल सञ्चालनबाट उत्पन्न हुने आवसर त्यस्को सदुपयोग सम्बन्धि व्यवस्था,

(ङ) फोहरमैला व्यवस्थापन स्थल सञ्चालनका समयमा सो स्थानमा आवतजावत बन्द गर्नु पर्ने र सो सम्वन्धमा अपनाउनु पर्ने सचेतना सम्वन्धि विषय ।

(२) फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन सम्वनिध अन्य व्यवस्था बाँफिकोट गाउँपालिकाले सो को सम्वन्धमा ताकेको मापदण्ड तथा निर्देशणमा उल्लेख गरीय बमोजिम हुनेछ ।

**९ फोहरमैला व्यवस्थापन स्थल बन्द पश्चातको व्यवस्थापन :**(१) फोहरमैला व्यवस्थापन स्थल वन्द गरे पश्चातको व्यवस्थापन देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) फोहरमैला व्यवस्थापन स्थलमा फोहर विसर्जन गर्ने कार्य बन्द भए पश्चात सो स्थलबाट निस्कने चिलेट, ग्यांस, दुर्गन्ध लगायतले उक्त क्षेत्रको वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाब र त्यस्को न्यनीकरणका उपायहरु अवलम्वन गर्ने,

(ख) फोहरमैला व्यवस्थापन स्थल वन्द पस्चात निस्कने ग्यांसको उपयोग तथा व्यवस्थापन सम्वन्धि उपायहरु अवलम्वन गर्ने,

(ग) फोहरमैला व्यवस्थापन स्थल बन्द पश्चात सो क्षेत्रको पुन : प्रयोगको सम्भावना, पुन : प्रयोग गर्दा अवलम्वन गर्नुपर्ने विधि तथा उपायहरु अवलम्वन गर्ने,

(घं) फोहरमैला व्यवस्थापन स्थल बन्द पश्चात सो स्थल वरिपरिको प्रभावित क्षेत्रको व्यवस्थापनका उपायहरु अवलम्वन गर्ने,

(ङ) फोहरमैला व्यवस्थापन स्थल वन्द पश्चात निश्चत समय सम्म सो स्थलमा आवतजावत वन्द गर्नुपर्ने,

(च) प्रारम्भिक वातावरणिय प्रभाव मुल्यांकन प्रतिवेदनका सुझाबहरुको अवलम्वन गर्ने ।

**१० अनुमति पत्रको लागि निवेदन दिने :** (१) फोहरमैला व्यवस्थापन गर्न चाहने कम्पनि वा निकायले अनुसुचि १ बमोजिमको ढाँचामा आवस्यक कागजात प्रकृतिहेरी १०० देखि ५००० सम्म दस्तुर संलग्न गरी ऐनको दफा १३ को उपदफा २ मा उल्लेखित विवरणका अतिरीक्त देहायका विवरण खुलाई बाँफिकोट गाउँपालिकामा  अनुमति पत्रका लागि निवेदन दिनुपर्नेछ ।

(क) फोहरमैला व्यवस्थापन गर्न आवस्यक पर्ने आर्थिक स्रोत, जनशक्ति, फोहरमैला संकलन  तथा ढुवानि साधन, कार्य अनुभवको विवरण,

(ख) फोहरमैला व्यवस्थापन गर्न चाहेको कार्यक्षेत्र,

(ग) फोहरमैला संकलन, स्थानान्तरण, प्रशोधन र अन्तिम विसर्जन गर्न आवस्यक पर्ने जग्गाको व्यवस्था,

(घ) फोहरमैला व्यवस्थापन गर्ने विधि र तरिका,

(ङ) सामाजिक दायित्व पुरा गर्ने सम्वन्धमा प्रश्तावित व्यवस्था,

(च) फोहरमैला व्यवस्थापन गर्न चाहेको समय र अवधि,

(छ) फोहरमैला व्यवस्थापन वाट वातवरणमा पर्न सक्ने प्रभाव न्युनिकरणका उपायहरु,

(ज) फोहरमैला उत्पादकले बहन गर्नुपर्ने दायित्व र तिर्नुपर्ने शुल्क,

(झ) निवेदकले बाँफिकोट गाउँपालिकालाई बुझाउन प्रस्ताब गरेको रकम ।

(२) उपनियम १ बमोजिम निवेदन दिंदा फोहरमैला व्यवस्थापन व्यवसायिक रुपमा गर्ने हो वा नाफा कमाउने उद्देश्य नराखि सामुदायिक वा सामाजिक रुपमा गर्ने हो सो कुरा स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

**<u>११ अनुमति पत्र दिन सक्ने :</u>** (१) नियम १० बमोजिमको निवेदन साथ प्राप्त हुन आयको कागजात तथा विवरण उपर बाँफिकोट गाउँपालिकाले आवस्यक छानविन गर्नेछ ।

(२) उपनियम १ बमोजिम प्राप्त कागजात तथा विवरण उपर छानविन गर्दा आवस्यक कागजात तथा विवरण पेश नगरेको पाइएमा त्यस्तो कागजात तथा विवरण पेश गर्न सम्वन्धित निवेदकलाई पन्ध्र दिनको म्याद तोकि निवेदन परेको मितिले सात दिन भित्र सुचना दिनुपर्नेछ ।

(३) उपनियम २ बमोजिम कुनै कागजात तथा विवरण पेश गर्न बाँफिकोट गाउँपालिकाले म्याद तोकि सुचना दिएको त्यस्तो कागजात प्राप्त भएपछि बाँफिकोट गाउँपालिकाले आवस्यक छानविन गरी स्वीकृति प्रदान गर्न उपयुक्त देखियमा बाँपिकोट गाउँपालिकाले निर्धारण गरेको शुल्क लिई अनुसुचि २ बमोजिमको ढाँचामा तीस दिनभित्र निवेदकलाई अनुमति पत्र दिनु पर्नेछ ।

(४) निवेदकलाई अनुमति पत्र दिन उपयुक्त नहुने देखिएमा कारण सहित सात दिन भित्र सो को जानकारी दिनुपर्नेछ ।

(५) बाँफिकोट गाउँपालिकाले अनुमति पत्र दिँदा व्यवसायिक र गैरव्यवसायिक रुपमा फोहरमैला व्यवस्थापन गर्न छुट्टाछुट्टै अनुमति पत्रको व्यवस्था गर्न सक्नेछ ।

बाँफिकोट गाउँपालिका

(६) अनुमति पत्रको अवधि पाँच वषृको हुनेछ ।

**१२ अनुमति रद्द गर्न सक्ने :** बाँफिकोट गाउँपालिकाले नियम ११ बमोजिम दिएको अनुमति पत्र देहायको अवस्थामा रद्द गर्न सक्नेछ ।

(क) अनुमतिपत्रमा उल्लिखित सर्त उल्लंघन गरेमा,

(ख) तोकिएको मापदण्ड वमोजिम फोहरमैला व्यवस्थापन नगरेमा,

(ग) प्रचलित बातावरणिय कानुनको उल्लंघन गरेमा,

(घ) नविकरण नगरेमा ।

**१३ अनुमतिपत्रको नविकरण सम्वन्धि व्यवस्था :**(१) नियम ११ बमोजिम अनुमतिपत्र प्राप्त कम्पनि, संस्था वा निकायले अनुमतिपत्रको अवधि समाप्त हुनुभन्दा ६ महिना अगावै बाँफिकोट गाउँपालिकाले तोके बमोजिमको दस्तुर संलग्न गरि अनुसुचि ३ बमोजिमको ढाँचामा अनुमतिपत्र नविकरणका लागि बाँफिकोट गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम १ बमोजिम पेश हुन आएको आवेदन सम्वन्धमा बाँफिकोट गाउँपालिकाले म्याद सकिनु भन्दा तीन महिना अगावै निर्णय गरि सक्नु पर्नेछ ।

(३) उपनियम १ बमोजिम पर्न आएको निवेदन उपर छानविन गरी बाँफिकोट गाउँपालिकाले अनुमतिपत्रको नविकरण गर्न सक्नेछ ।

(४) उपनियम १ बमोजिमको अवधिभित्र अनुमति पत्र नविकरण नगराएमा वा अनुमतिपत्र नविकरण नहुने भएमा सो अनुमति पत्र म्याद सकिएको मिति बाट रद्द भएको मानिनेछ । अनुमति पत्र नविकरण नहुने अबस्थामा बाँफिकोट गाउँपालिकाले म्याद सकिनु भन्दा तीन महिना अगावै फोहरमैला व्यवस्थामनको लागि अनुमति पत्र सम्वन्धि आवस्यक कारबाहि अगाडि बढाउनु पर्नेछ ।

**१४ फोहरमैला व्यवस्थापन कार्यमा गैर सरकारि संस्थाको संलग्नता :** (१) ऐनको दफा १५ को उपदफा (५) को प्रयोजनको लागि बाँफिकोट गाउँपालिकाले फोहरमैला स्रोतमै छुट्याउने, स्रोतमै न्यनिकरण गर्ने, फोहरमैलाको पुनः प्रयोग तथा पुन : चक्रिय प्रयोग सम्वन्धमा फोहरमैला उत्पादन गर्ने कम्पनि, संस्था तथा निकायलाइ सशक्तिकरण गर्ने र फोहरमैला व्यवस्थापन सम्वन्धि जनचेतना अभिवृद्धि गराउने कार्यक्रम सामुदायिक एवं गैरसरकारि संस्थालाइ परिचालन गर्न सक्नेछ ।

बाँफिकोट गाउँपालिका

(२) उपनियम १ बमोजिमको कार्यका  लागि बाँफिकोट गाउँपालिकाले फोहरमैला व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने सामुदायिक एवं गैर सरकारि संस्थाको सुचि तयार गर्नु पर्नेछ ।

(३) उपनियम १ बमोजिमको कार्यका  लागि सामुदायिक एवं गैर सरकारि संस्थाको सुचि तयार गरि परिचालन गर्ने सम्वन्धि प्रक्रिया कानुन बमोजिम हुनेछ ।

**<u>१५ मापदण्डको पालना :</u>** (१) फोहरमैला व्यवस्थापन स्थल वा प्रशोधन स्थल सञ्चालन गर्न बाँफिकोट गाउँपालिकाबाट स्वीकृति प्राप्त गरेको निजि क्षेत्रले बाँफिकोट गाउँपालिकाले तोकेको मापदण्ड तथा स्वीकृति दिंदाका शर्तहरुको अधिनमा रहि कार्य गर्नु पर्नेछ ।

(२) उपनियम १ बमोजिम स्वीकृती प्राप्त निजी क्षेत्रले बाँफिकोट गाउँपालिकाले तोकेको मापदण्ड तथा निर्देशिकाको पालना नगरेमा बाँफिकोट गाउँपालिकाले देहाय बमोजिमका प्रक्रिया पुरा गरि स्वीकृति रद्द गर्न सकनेछ ।

(क) बााफिकोट गाउँपालिकाले स्वीकृति प्राप्त निजी क्षेत्रको फोहरमैला व्यवस्थापन सम्वन्धि कार्यको अनुगमन गर्दा बाँफिकोट गाउँपालिकाले तोकेको मापदण्ड र निर्देशिका पालना नगरेको पाइएमा त्यस्तो निजी क्षेत्रलाई पहिलो पटक नव्वे दिनसम्मको म्याद दिइ सुधार गर्न निर्देशन दिने ।

(ख) निजी क्षेत्रले खण्ड (क) बमोजिमको निर्देशन बमोजिम आंशिक सुधार गरि समय नपुग भएको भनि स्थानिय निकाय संग समय थप्न माग गरेमा बाँफिकोट गाउँपालिकाले बढिमा ६० दिन सम्मको समय थप गर्न सक्नेछ ,

(ग) खण्ड (क) बमोजिमको अवधि भित्र बाँफिकोट गाउँपालिकाले दिएको निर्देशन बमोजिम सम्वन्धित निजि क्षेत्रले सुधार नगरेमा त्यस्तो निजी क्षेत्रले पाएको स्वीकृति रद्द गर्न सक्नेछ ।

(घ) बाँफिकोट गाउँपालिकाले खण्ड (ग) बमोजिम स्वीकृति रद्द गरेको जानकारि सम्बन्धि निजी क्षेत्र र सरोकार वाला समेतलाई दिने ।

(३) उपनियम २ मा जुनसुकै कुरा लेखिएता पनि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल, वा अन्य संयन्त्र सञ्चालन सम्वन्धि स्वीकृति रद्द भएको कारणले स्वीकृति प्राप्त निजी क्षेत्रले सो स्वीकृति बमोजिम काम नगरेको कारणले कसैलाई हानि नोक्सानि भएको पाइयमा त्यस्तो निजी क्षेत्रले बाँफिकोट गाउँपालिकालाइ बुझाउनु पर्ने कुनै रकम बाँकि रहेको भए सो समेत बाँफिकोट गाउँपालिकाले असुल उपर गर्नेछ ।

**१६ सेवा शुल्क निर्धारण :** (१) बाँफिकोट गाउँपालिकाले फोहरमैला व्यवस्थापन सम्वन्धि सेवा शुल्क निर्धारण गर्दा ऐनको दफा १८ को उपदफा २ मा उल्लेखित कराहरुको अतिरीक्त देहायको आधारमा गर्नु पर्नेछ ।

(क) फोहरमैला उत्पादकले उत्पादन स्रोतमा नै फोहरमैला व्यवस्थापन गर्न अबलम्वन गरेका प्रविधि, विधि र प्रक्रिया,

(ख) फोहरमैला उत्पादकले निष्काशन गर्ने फोहरको आकार, प्रकार र किसिम,

(ग) निष्काशित फोहरबाट वातावरणमा पर्ने प्रभाव,

(घ) फोहरमैला व्यवस्थापनमा लाग्ने अनुमानित खर्च,

(२) बाँफिकोट गाउँपालिकाले निजि क्षेत्र, सामुदायिक एवं गैर सरकारि संघ, संस्था संगको साझेदारिमा फोहरमैला व्यवस्थापन कार्य गरेकोमा त्यस्तो निजि क्षेत्र, सामुदायिक एवं गैर सरकारि संघ, संस्थाले उठाउन पाउने सेवा शुल्क उपनियम (१) बमोजिमका आधारमा निर्धारण गर्नु पर्नेछ ।

**१७ सेवा शल्क छुट दिन सक्ने :** (१) बाँफिकोट गाउँपालिकाले निर्धारण गरेको सेवा शुल्क तिर्न बुझाउन नसक्ने विपन्न वर्गको हकमा फोहर उत्पादकको आर्थिक अवस्थालाइ विचर गरि पचार प्रतिशत सम्म छुट दिन सक्ने छ ।

(२) बााफिकोट गाउँ पालिकाले प्रत्यक वर्ष विपन्न वर्गको पहिचान गरी सो वर्ग को सुचि सार्बजनिक गर्नु पर्नेछ । निजी क्षेत्र, सामुदायिक एवं गैर सरकारि संघ संस्था मार्फत फोहरमैला व्यवस्थापन गर्दा सम्झौता गर्नु पुर्व नै विपन्न वर्ग तोक्नु पर्नेछ ।

(३) फोहरमैला व्यवस्थापन गर्ने सम्वन्धमा स्रोतमा नै न्युनिकरण गर्ने कार्यमा संलग्न घरधुरिलाई बाँफिकोट गाउँपालिकाले निर्धारण गरेको सेवा शुल्क छुट दिन सक्नेछ ।

**स्पस्टीकरण :** बाँफिकोट गाउँपालिकाको प्रयोजनको लागि विपन्न वर्ग भन्नाले बाँफिकोट गाउँपालिकाबाट निर्धारित सेवा शुल्क पुर्णरुपमा तिर्न नसक्ने भनि गाउँपालिकाको हकमा सम्वन्धित वडा कार्यालय ले सिफारिस गरेको व्यक्ति सम्झनु पर्नेछ ।

बाँफिकोट गाउँपालिका

**१८ फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रमा समिति गठन गर्न सकने :**(१) ऐनको दफा २२ को उपदफा (६) को प्रयोजनको लागि बाँफिकोट गाउँपालिकाले देहाय बमोजिमका सदस्यहरु रहेको फोहरमैला व्यवस्थापनका सम्बन्धमा सुझाव दिन देहाय बमोजिमको समिति गठन गर्न सक्नेछ।

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

(३) उपनियम (१) बमोजिमको समितिले आफ्नो काम कार्वाहि सम्वन्धमा कार्यविधि आफै निर्धारण गर्नेछ।

**१९ परिषद्को काम कर्तव्य र अधिकार :**ऐनको दफा २४ मा उल्लेख भएका काम कर्तव्य र अधिकारको अतिरिक्त परिषदको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) फोहरमैला व्यवस्थापन गर्ने सम्वन्धि नितिगत विषयमा निर्णय गर्ने,

(ख) फोहरमैला व्यवस्थापनसँग सम्वन्धित निकायहरुविच समन्वय गर्न आवस्यक संयन्त्र तथा संरचना निर्माण गर्ने,

(ग) फोहरमैला व्यवस्थापन गर्नको लागि स्थापित विभिन्न संयन्त्रको कार्यक्षेत्र तोक्ने।

**२० केन्द्रको काम, कर्तव्य र अधिकार :** ऐनको दफा २८ मा उल्लेख भएका काम कर्तव्य र अधिकारको अतिरिक्त परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।

(क) फोहरमैला व्यवस्थापन सम्वन्धि प्रविधिको उपयुक्तता सम्वन्धमा अध्ययन गरि बाँफिकोट गाउँपालिकालाई सिफारिस गर्ने,

बाँफिकोट गाउँपालिका

(ख) फोहरमैला व्यवस्थापनमा निजि क्षेत्रलाई सहभागि गराउने,

(ग) फोहरमैला व्यवस्थापन निजी क्षेत्रले आयात गर्ने प्रविधि र उपकरणको उपयुक्तताको सम्वन्धमा बाँफिकोट गाउँपालिकालाइ सिफारिस गर्ने,

(घ) फोहरमैला व्यवस्थापन सम्वन्धि कार्य गर्न बाँफिकोट गाउँपालिका संग परामर्श गरि आवश्यक निर्देशिका तथा मापदन्ड तयार गर्ने,

(ङ) फोहरमैला व्यवस्थापन सम्वन्धमा बाँफिकोट गाउँपालिकालाइ प्राविधिक सहयोग उपलब्ध गराउने,

(च) फोहरमैला अत्यधिक उत्पादन हुने वस्तुको आयातमा कमि गर्न तथा त्यस्तो वस्तुको आयातमा रोग लगाउन नेपाल सरकार र बाँफिकोट गाउँपालिकालाई सिफारिस गर्ने,

(छ) फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन  बाँफिकोट गाउँपालिकालाई सुझाब दिने,

(ज) फोहरमैला व्य्वसथापन कार्यमा बाँफिकोट गाउँपालिका र निजी क्षेत्रलाई परिचालन गरी चेतनामुलक कार्यक्रम तथा तालिम सञ्चालन गर्ने गराउने,

(झ) बाँफिकोट गाउँपालिका संग अन्य स्थानिय तह विच उत्पन्न हुने फोहरमैला व्यवस्थापन सम्वन्धि विबादमा मध्यस्थता गरि समाधान गर्ने,

(ञ) बाँफिकोट गाउँपालिका र अन्य स्थानिय तह हरु विच फोहरमैला प्रशोधन तथा व्यवस्थापन स्थलको निर्माण सञ्चालन र व्यवस्थापन सम्वनिध कार्य गर्ने समवन्धमा समिति गठन गर्दा समन्वय गर्ने,

(ट) फोहरमैला व्यवस्थापन सम्वन्धि सम्पर्क निकायको रुपमा कार्य गर्ने,

(ठ) बाँफिकोट गाउँपालिकाको फोहरमैला व्यवस्थापनको अवस्थाको अनुगमन गर्ने,

(ड) फोहरमैला व्यवस्थापनको सम्वन्धमा सुधारका उपाएहरु अवलम्वन गर्ने ।

**२१ समितिको काम, कर्तव्य र अधिकार :** ऐनको दफा ३० मा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरीक्त काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) केन्द्रले पेश गरेको वार्षिक प्रतिवेदन स्वीकृति गर्ने,

बाँफिकोट गाउँपालिका

(ख) केन्द्रलाइ फोहरमैला व्यवस्थापन प्रविधिको आयात सम्वन्धमा आवस्यक निर्देशन दिने,

(ग) केन्द्रबाट तयार गरियका निर्देशिका तथा मापदन्ड तयार गर्ने,

(घ) आबस्यक्ता अनुसार अन्य कार्य गर्ने ।

**२२ कार्यकारि निर्देशकको पारीश्रमिक सुविधा र सेवा सर्त सम्वन्धि व्यवस्था :** कार्यकारि निर्देशकको पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु ४ मा उल्लेख भएबमेजिम हुनेछ ।

**२३ आन्तरिक लेखा परिक्षण :** (१) केन्द्रले आफ्नो आम्दानि खर्चको हिसाव किताब नियमित रुपमा मान्यता प्राप्त लेखापरिक्षकबाट आन्तरिक लेखा परिक्षण गराइ अद्यावधिक गराई राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम आन्तरिक लेखा परिक्षण गर्दा देहायका कुराहरुमा विषेश ध्यान दिनु पर्नेछ ।

(क) केन्द्रले स्वीकृत गरेको योजना तथा कार्यक्रम खर्च गरे नगरेको,

(ख) आर्थिक विनियमावलिको पालना गरे नगरेको,

(ग) सम्पत्तिको संरक्षण गरे नगरेको,

(घ) स्वीकृत बजेट अनुसार कार्य सम्पादन गरे नगरेको,

(ङ) केन्द्र समक्ष मासिक प्रतिवेदन पेश गरे नगरेको ।

(३) मन्त्रालयले चाहेमा समितिको आयव्ययको लेखा, नगदि, जिन्सि वा अन्य कागजात जुनसुकै जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

(४) आन्तरिक लेखा परिक्षण गर्दा अपनाईने कार्य विधि समितिले गरे बमोजिम हुनेछ ।

**२४ निर्देशन दिन सक्ने :** (१) नेपाल सरकारले बाँफिकोट गाउँपालिकालाइ फोहरमैला व्यवस्थापन गर्ने सम्वन्धमा आवस्यक निर्देशन दिन सक्नेछ ।

(२) बाँफिकोट गाउँपालिकाले फोहरमैला व्यवस्थापन गर्ने सम्वनधमा फोहरमैला व्यवस्थापन गर्ने व्यत्ति, संस्था वा निकायलाइ देहायको विषयमा निर्देशन दिन सक्नेछ ।

(क) फोहरमैला स्रोतमै घटाउने उपायहरु तथा प्रविधिको अवलम्वन गर्नेछ,

(ख) फोहरमैला न्युनिकरणका लागि फोहरको पुनः प्रयोग तथा पुनः चक्रिय प्रयोग सम्वन्धि बाँफिकोट गाउँपालिकाले तोकेको विधि तथा प्रक्रिया अवलम्वन गर्न,

(ग) फोहरमैला स्रोतमै छुट्याउन, छुट्याइयको फोहरलाई तोकिएको स्थान, समय र तरिका बमोजिम निष्काशन गर्न,

(घ) तोकिएको सेवा शुल्क तोकिएको समयमा बझाउन,

(ङ) फोहरमैला व्यवस्थापन सम्वन्धि अन्य आवस्यक कार्य गर्न ।

(३) उपनियम (१) बमोजिम नेपाल सरकारले दियको निर्देशनको पालना गर्नु बाँफिकोट गाउँपालिका र फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

**२५ अनुगमन सम्वन्धि व्यवस्था :** (१) फोहरमैलाको पृथकिकरण, प्रशोधन, निष्काशन तथा अन्तिम विसर्जनको सम्बन्धमा अनुगमन गर्न देहाय बमोजिमको समिति रहनेछ ।

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(२) समितिले अनुगमनका सिलसिलामा आबस्यक्ताअनुसार विषेशज्ञलाई अनुगमनमा संलग्न गराउन सक्नेछ ।

(३) समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थीत गर्नेछ ।

(४) बाँफिकोट गाउँपालिकाले फोहरमैला व्यवस्थापन गर्ने सम्वन्धमा देहायका विषयमा अनुगमन गर्न सक्नेछ ।

(क) फोहरमैला स्रोतमै घटाउने उपायहरु तथा प्रविधिको अबलम्वन गरे नगरेको,

बाँफिकोट गाँउपालिका

(ख) फोहरमैला न्युनिकरणका लागि फोहरको पुनः प्रयोग तथा पुनः चक्रिय प्रयोग सम्वन्धि बाँफिकोट गाउँपालिकाले तोकेको विधि अबलम्वन भए नभएको,

(ग) फोहरमैला स्रोतमै छुट्याए, नछुट्याएको र छुट्याइएको फोहरमैला तोकिएको स्थान, समय र तरिका बमोजिम निष्काशन गरे नगरेको,

(घ) फोहरमैला व्यवस्थापन सम्वन्धमा बाँफिकोट गाउँपालिका बाट तोकिएका कुराहरुको पालना भए नभएको ।

**२६ अनुसुचिमा हेरफेर वा थपघट गर्न सक्ने :** नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशित गरि अनुसुचिमा आवस्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

**२७ खारेजि तथा बचाउ :** (१) संघिय कानुन प्रादेशिक कानुन र स्थानिय सरकार संचालन ऐन २०७४ संग बाझिएका कानुन बाझिएको हत सम्म अमान्य हुनेछन ।

(२) उपनियम १ बमोजिमको नियमावलि बमोजिम भए गरेका काम कार्वाहि यसै नियमावलि बमोजिम भएगरेको मानिनेछ ।

अनुसूचि-१

**(नियम १०को उपनियम (१) संग सम्वन्धित)**

श्रीमान ......................................ज्यु

.....................................................

**विषय : फोहरमैला व्यवस्थापन गर्न अनुमति पाउँ ।**

........................स्थायी/ अस्थायी ठेगाना भएको म/हामि .........................यस गाँउपालिका को.....................क्षेत्रमा फाहरमैला व्यवस्थापन गर्न चाहेकोले देहायको विवरण खोलि उक्त क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न फोहरमैला व्यवस्थापन २०६८ को दफा १३ को उपदफा ३ बमोजिम अनुमतिपत्र पाउन यो निवेदन पेश गरेको छु ।

**विवरण**:

(१) फोहरमैला व्यवस्थापन गर्न आबस्यक पर्ने आर्थिक स्रोत, जनशक्ति, संकलन तथा ढुवानि साधन र कार्यअनुभवको विवरण,

बाँफिकोट गाउँपालिका

(२) फोहरमैला व्यवस्थापन गर्न चाहेको क्षेत्र,

(३) फोहरमैला व्यवस्थापन गर्न आवस्यक पर्ने जग्गाको व्यवस्था,

(४) फोहरमैला व्यवस्थापन गर्ने तरिका एवं विधि,

(५) फोहरमैला व्यवस्थापन सम्वन्धि योजना,

(६) फोहरमैला व्यवस्थापनमा प्रयोग गर्ने प्रविधि,

(७) कर चुक्ता गरेको प्रमाणपत्र,

(८) संस्था/फर्म/कम्पनि नविकरण ।निवेदक

हस्ताक्षर :

नामथर :

ठेगाना :

मिति :

अनुसुचि : २

**( नियम ११को उपनियम (३) संग सम्वन्धित )**

श्री ..................................

..........................................

**विषय : अनुमति पत्र ।**

तपाई ............................स्थायि / अस्थायी ................................ठेगाना भएको श्री ............................... ले जिल्ला .........................गाँउपालिकाको क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न चाहेको मिति ........................... मा यस कार्यालयमा दिनु भएकोमा देहाएका शर्तहरुको अधिनमा रहि फोहरमैला व्यवस्थापन गर्न फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १३ को (३) बमोजिम यो अनुमति पत्र प्रदान गरिएको छ ।

**शर्तहरु :**

बाँफिकोट गाँउपालिका

१. ...........................................

२. ................................................

३. .................................................

अनुमतिपत्र प्रदान गर्ने अधिकारि

दस्तखत :

नाम :

मिति :

बाफिकोट गाउँपालिका

अनुसुचि ३

**( नियम १३ को उपनियम (१) सँग सम्वन्धित )**

श्रीमान ...............................ज्यु

........................ गाउँपालिकाको कार्यालय

**विषय : अनुमति पत्र नविकरण गरिपाऊँ ।**

...................................गाउँपालिकाको ......................क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न त्यस कार्यालय बाट मिति ................................ मा अनुमतिपत्र प्राप्त गरेकोमा उक्त अनुमतिपत्रको म्याद मिति .......................... सम्म रहेको छ । स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम अनुमतिपत्र नविकरण दस्तुर रु. ................ संलग्न गरि अनुमतिपत्र नविकरणका लागि यो निवेदन पेश गरेको छु ।

निवेदक

हस्ताक्षर :

नाम थर :

ठेगाना :

मिति :

आज्ञाले,

नाम : लोक बहादुर कुसारी

प्रमुख प्रशासकीय अधिकृत

बाँफिकोट गाँउपालिका